सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री खिलराज रेग्मी

माननीय न्यायाधीश श्री भरतराज उप्रेती

आदेश

सम्वत् २०६५ सालको रिट नं. ०३५७

मुद्दा :-उत्प्रेषण

भक्तपुर जिल्ला, मध्येपुर- ठिमी न.पा., वडा नं. १६, लोकन्थली बस्ने वर्ष ३७ को अधिवक्ता माधव कुमार बस्नेत----------१ निवेदक

सिन्धुली जिल्ला, कमलामाई न.पा., वडा नं. ११ घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ११, त्रिपुरेश्वर बस्ने वर्ष ३७ को लोकध्वज थापा ----------१

काठमाडौं जिल्ला, मूलपानी गा.वि.स. वडा नं. ९ बस्ने वर्ष ३७ को विनोद फुयाल-१

विरुद्ध

सम्माननीय प्रधानमन्त्री, पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं----------१ विपक्षी

नेपाल सरकार, मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं----------१

माननीय उप-प्रधानमन्त्री तथा गृहमन्त्री, बामदेव गौतम, नेपाल सरकार गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं----------१

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं----------१

माननीय मन्त्री, देवप्रसाद गुरुङ, नेपाल सरकार, कानून, न्याय तथा संविधान सभा सम्वन्धी मन्त्रालय, सिंहदरबार काठमाडौं----------१

नेपाल सरकार, कानून न्याय तथा संविधान सभासम्वन्धी मन्त्रालय, सिंहदरबार, काठमाडौं ----------१

महान्यायाधिवक्ता, नेपालका महान्यायाधिवक्ताको कार्यालय, रामशाह पथ,काठमाडौं --१
राष्ट्रिय मानव अधिकार आयोग, हरिहर भवन, ललितपुर----------१

नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(२) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छ :-

सरकार वादी भई चलिरहेका विभिन्न प्रकृतिका ३४९ वटा फौजदारी मुद्दाहरु एकै पटकमा मुद्दा फिर्ता लिने गरी विपक्षी मन्त्रिपरिषद्बाट मिति २०६५।७।११ गते निर्णय भएको रहेछ । त्यो कुरा विपक्षीले लुकाएर राखे पनि मिति २०६५।८।३० को कान्तिपुर दैनिकबाट सार्वजनिक भएको छ ।

विपक्षीले के कुन आधारमा मुद्दा फिर्ता लिने निर्णय गरेको हो भन्ने विषयमा अहिलेसम्म जानकारी गराइएको छैन । को कसका, के कस्ता मुद्दाहरु, के कारण र आधारमा मुद्दा फिर्ता गरियो भन्ने कुनै विषयमा पनि सरकारको तर्फबाट औपचारिक रुपमा सार्वजनिक जानकारीमा समेत ल्याइएको छैन । त्यस विषयमा निवेदकले भरमग्दूर प्रयास गर्दा अनौपचारिक रुपमा प्राप्त गरेको (तर पूर्ण नभएको) सूची हेर्दा जबर्जस्ती करणी जस्तो मुद्दा पनि फिर्ता लिने निर्णय गरिएको छ भने अर्कोतर्फ वृहत् शान्ति सम्झौतापछि चलाइएका ५३ वटा मुद्दासमेत पनि फिर्ताको सूचीमा राखिएको छ । त्यसमध्ये कर्तव्य ज्यान ९१ वटा, डाँका ४४ वटा, चोरी ३८ वटा, आगलागी ३२ वटा र ज्यान मार्ने उद्योग ३१ वटा समेत फिर्ताको सूचीमा परेका छन् । त्यसैले यो निर्णयमा विशुद्ध राजनीतिक प्रकृतिका मुद्दा मात्रै परेका छैनन् भने अर्कोतर्फ आवश्यक अध्ययन बिना नै एकैपटक ३४९ मुद्दा फिर्ता लिने निर्णय गर्नु आफैंमा आश्चर्यजनक समेत छ भने यसले अर्को तर्फ दण्डहीनताको संस्कारलाई राज्यकै तर्फबाट अभिवृद्धि गरेको छ ।

सरकारी मुद्दासम्वन्धी ऐन, २०४९ को दफा २९ बमोजिम सरकारले सरकार वादी हुने फौजदारी मुद्दा फिर्ता लिनसक्ने व्यवस्था गरेको छ । त्यो ऐनमा के कस्तो प्रकृतिको मुद्दा फिर्ता लिन मिल्ने र के कस्तो प्रकृतिको मुद्दा फिर्ता लिन नमिल्ने भन्ने विषयमा स्पष्ट व्यवस्था नगरी केवल "प्रचलित कानूनबमोजिम सरकारवादी भै हेरिने

वा सरकारको तर्फबाट चलाइएका वा नेपाल सरकार उपर परेको मुद्दा मामिला नेपाल सरकारको आदेश भएमा सरकारी वकीलले अरु पक्षको सहमतिले त्यस्तो मुद्दाको मिलापत्र गर्ने वा अदालतको मञ्जूरीले त्यस्तो मुद्दा मध्ये नेपाल सरकार वादी भएको फौजदारी मुद्दा फिर्ता लिन हुन्छ" भन्ने र "कुनै गैरसरकारी व्यक्तिको सम्पत्ति सम्वन्धी कुरामा असर पर्ने रहेछ भने त्यस्तो मुद्दा यस दफा बमोजिम अदालतबाट फिर्ता लिन दिन हुदैन" भन्ने मात्र व्यवस्था रहेको छ । यो अस्पष्ट व्यवस्थाको प्रयोग गरेर यस अघि पनि सरकारले थुप्रै मुद्दाहरु फिर्ता लिने निर्णय गरेको थियो र सो बमोजिम कतिपय मुद्दाहरु पनि फिर्ता भएका छन् भने कतिपय मुद्दा फिर्ता लिने निर्णय गरेपनि र सम्वन्धित अदालतहरुबाट फिर्तादिन सहमति दिए पनि त्यसको विरुद्धमा यस सम्मानित अदालतमा मुद्दा परी यस सम्मानित अदालतको आदेशबाट बदर भएका छन् । यस सम्मानित अदालतबाट त्यस्ता त्रुटिपूर्ण निर्णय बदर भएपनि ती मुद्दाका आदेशहरुमा पनि स्पष्ट कुनै मापदण्ड निर्धारण भएको छैन । जुन जुन मुद्दामा बदर हुने आदेश जारी भए तिनै मुद्दाहरुको तथ्यसँग सम्वन्धित रहेरमात्र आदेश भएको हुनाले अमूक प्रकृतिका मुद्दामात्र फिर्ता हुन सक्छन् भन्ने बारेमा कुनै पनि मापदण्ड निर्धारण नभएको र ऐनमा सरकार वादी भएका मुद्दाहरु फिर्ता हुने व्यवस्था भएको हुनाले सरकारले चाहेको, सरकारको स्वार्थ भएका वा सरकारसम्म प्रभावकारी सम्वन्ध रहेका वा राख्न सक्ने जुनसुकै अभियुक्तको पनि मुद्दा फिर्ता हुन सक्ने कानूनी अवस्था विद्यमान छ र यही कानूनी अस्पष्टताको गलत फाइदा उठाउँदै हालै सरकारले गम्भीर मानव अधिकार विरोधी निर्णय गरेको छ । यसरी फिर्ता लिँदा जबर्जस्ती करणी, बैंक डकैती, अंगभंग कुटपीट, गोवध, डाँका, कर्तव्य ज्यान तथा डाँका चोरी जस्ता मुद्दाहरु पनि फिर्ता लिने निर्णय गरिएको रहेछ ।

अतः विपक्षी मन्त्रिपरिषद्को मिति २०६५।७।११ को मुद्दा फिर्ता लिने निर्णय नेपालको अन्तरिम संविधानको प्रस्तावना, धारा १२ (१), १३ (१), धारा ३३ (ग) तथा (ड), धारा ३४ (१) तथा (२), धारा १३२ (१) धारा १३५ र नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) बमोजिम नेपाल कानून सरह लागू हुने नागरिक तथा राजनीतिक अधिकारसम्वन्धी अर्न्तराष्ट्रिय अनुवन्धको धारा २ विपरीत भएको हुनाले नेपालको

अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७ (२) बमोजिम यो व्यापक सार्वजनिक सरोकारको मुद्दा लिएर उपस्थित भएका छौं । अतः विपक्षीहरुको विरुद्धमा निम्न बमोजिमको आदेश जारी गरी पाऊँ भन्ने निवेदन दावी ।

(क) मुद्दा फिर्ता लिने मिति २०६५।७।११ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी पाऊँ ।

(ख) सरकारी मुद्दासम्वन्धी ऐन, २०४९ को दफा २९ ले गैरसरकारी व्यक्तिको सम्पत्तिसम्बन्धी विवाद भएको बाहेक अन्य सबै अवस्थामा सरकार वादी हुने फौजदारी मुद्दाहरु फिर्ता लिने खुल्ला र असीमित अधिकार दिएको हुनाले यसको राजनीतिक स्वार्थका आधारमा दुरुपयोग गरी दण्डहीनतालाई प्रश्रय दिइरहेको र मानव अधिकारको उल्लंघनकर्ता र कसूरदारलाई राज्यले संरक्षण दिइरहेको कारणले मत्स्य न्यायको संस्कार विकास हुन थालेको, पीडित झनै पीडित हुनु परेको छ । जसको कारणले गर्दा राज्यको फौजदारी न्याय प्रणाली नै नष्ट हुने संघारमा पुगेको छ । त्यसै कारणले कानूनबमोजिम अन्य उपयुक्त व्यवस्था नहुन्जेलसम्मका लागि मुद्दा फिर्ता लिने सम्वन्धमा निश्चित मापदण्ड निर्धारण गरी पाऊँ ।

ग) विपक्षीमध्येका राष्ट्रिय मानव अधिकार आयोग र महान्यायाधिवक्ताले पनि संविधान र स्थापित सिद्धान्त र मान्यता विपरीत क्रमशः निष्कृय रहने तथा कर्तव्य पूरा नगरेको हुनाले सचेत गराई पाऊँ ।

यसमा निवेदकको माग बमोजिम आदेश जारी हुनु नपर्ने कारण भए बाटाको म्याद बाहेक पन्ध्र दिन भित्र लिखित जवाफ पेश गर्नु र मिति ०६५।७।११ को निर्णयले फिर्तालिने भनिएका मुद्दाहरु मध्ये आजको मिति सम्म फिर्ता लिई सकिएका बाहेक अन्य मुद्दाहरु यो निवेदनको अन्तिम टुङ्गो नलागे सम्म फिर्ता लिने दिने कार्य नगर्नु भनी विपक्षी मानव अधिकार आयोग बाहेक सवैका विरुद्ध अन्तरिम आदेश जारी गरिदिएको छ भन्ने यस अदालतको मिति ०६५।९।१७।५ को आदेश ।

सरकारी मुद्दा सम्वन्धी ऐन २०४९ को दफा २९(१) बमोजिम नेपाल सरकार वादी भै हेरिने वा नेपाल सरकारको तर्फबाट चलाइएको वा नेपाल सरकार उपर परेको मुद्दा फिर्ता लिने वा मिलापत्र गर्न सक्ने अधिकार नेपाल सरकारलाई प्रदान

गरेको छ । नेपाल सरकारलाई प्राप्त सो अधिकारको आधारमा नेपाल सरकार मन्त्रीपरिषदले मिति ०६५।७।११ गते मुद्दा फिर्ता लिएको हो । यसर्थ मुद्दा फिर्ता लिन अधिकार प्राप्त अधिकारी नेपाल सरकारको निर्णय कानूनसम्मत नै देखिएको हुँदा रिट निवेदन खारेज गरीपाउँ भन्ने कानून न्याय तथा संविधानसभा व्यवस्था मन्त्री र सोही मन्त्रालयको अलग अलग लिखित जवाफ ।

मुलुकमा लामो अवधी सम्म चर्केको द्वन्द र अशान्ति अन्त्य गरी शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याई राज्य संरचनामा अग्रगामी सुधार गर्ने मुख्य अभिप्रायबाट निर्देशित भई मुद्दा फिर्ता लिने गरी नेपाल सरकार (मन्त्रीपरिषद) बाट मिति ०६५।७।११ गते भएको निर्णय सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतको प्रतिकुल नहुँदा रिट निवेदन खारेज गरीपाउ भन्ने प्रधानमन्त्री तथा नेपाल सरकार मन्त्रीपरिषदको छुट्टाछुट्टै लिखित जवाफ ।

विस्तृत शान्ति सम्झौता द्वन्द व्यवस्थापन गरी मुलुकलाई राजनैतिक स्थिरता दिने उद्देश्यबाट प्रेरित भै सम्पन्न भएको, सरकार यस विचमा उक्त सम्झौता बमोजिम नै अगाडी बढी रहेको र संविधानको अंगको रुपमा रहेको विस्तृत शान्ति सम्झौताका व्यवस्थाहरुको पालना र कार्यान्वयन गर्नु सरकारको कर्तव्य हो । यदि यो संवैधानिक व्यवस्थालाई अवलम्वन नगर्ने हो भने नेपालको वर्तमान शान्ति प्रक्रिया अवरुद्ध हुन जाने भै अन्तरिम संविधानको भावना र मर्म विपरितको कार्य हुन जान्छ । तसर्थ विपक्षीको रिट निवेदन खारेज गरी पाउँ भन्ने नेपाल सरकार गृह मन्त्रालय र गृह मन्त्रीको छुट्टाछुट्टै लिखित जवाफ ।

वर्तमान सरकारले नीतिगत रुपमा राजनैतिक आस्थाका आधारमा झुठा मुद्दा लगाईएका व्यक्तिहरुको हकमा गरेको सामुहिक मुद्दा फिर्ता लिने निर्णयलाई नै एकमुष्ठ रुपमा चुनौती दिन मिल्ने होइन । नेपाल सरकारले फिर्ता लिएका मुद्दाहरु मध्ये के कस्ता मुद्दाहरु विस्तृत शान्ति सम्झौताको मर्म र भावना विपरितका छन् भन्ने रिट निवेदनमा खुलाउन सकेको देखिंदैन । अतः एकमुष्ठ रुपमा संविधान एवं संविधानको अभिन्न अंगको रुपमा रहेको सम्झौता पालना गर्ने सन्दर्भमा भएको नेपाल सरकारको कानून बमोजिम भएको नीतिगत निर्णयलाई रोक्नु वा बदर गर्नुपर्ने

अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरीपाउँ भन्ने महान्यायाधीवक्ताको कार्यालयको लिखित जवाफ ।

विस्तृत शान्ति सम्झौता द्वन्द व्यवस्थापन गरी मुलुकलाई राजनीतिक स्थिरता दिने उद्देश्यबाट प्रेरित भै सम्पन्न भएको, सरकार यस विचमा उक्त सम्झौता बमोजिम नै अगाडि बढी रहेको अवस्थामा सम्मानित अदालतको आदेशले सम्झौता कार्यान्वयनमा वाधा परिरहेको छ । संविधानको अंगको रुपमा रहेको विस्तृत शान्ति सम्झौताका व्यवस्थाहरुको पालना र कार्यान्वयन गर्नु सरकारको कर्तव्य हो । राज्यको प्रमुख एजेन्डाको रुपमा रहेको सम्झौताको पालना र कार्यान्वयनमा सम्मानित अदालतबाट भएको अन्तरिम आदेश संविधानको भावना अनुकुल भएको नदेखिंदा मिति ०६५।९।१७ को अन्तरिम आदेश रद्ध गरीपाउँ भन्ने प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको निवेदन ।

यसमा सवै प्रत्यर्थीहरुबाट लिखित जवाफ प्राप्त भैसकेको देखिंदा रिट निवेदन नै सुनुवाईको लागि पेश गर्नु भन्ने यस अदालतको मिति ०६५।११।२१ को आदेश ।

नियम बमोजिम पेश हुन आएको प्रस्तुत मुद्दामा निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ता माधव वस्नेतले सरकारी मुद्दा सम्वन्धी ऐनमा सरकारवादी भएका मुद्दाहरु फिर्ता हुने व्यवस्था भएकोले सरकारले चाहेको, सरकारको स्वार्थ भएको वा सरकारसम्म प्रभावकारी सम्वन्ध रहेको वा राख्न सक्ने जुनसुकै अभियुक्तको पनि मुद्दा फिर्ता हुन सक्ने कानूनी व्यवस्था विद्यमान छ । यही कानूनी अस्पष्टताको गलत फाइदा उठाउँदै सरकारले गम्भीर मानव अधिकार विरोधी निर्णय गरेको छ । यसबाट अपराधी राजनीतिज्ञ र राजनीतिज्ञ अपराधीमा परिणत हुने प्रचुर सम्भावना छ । जसले गर्दा शान्ति र अमन चयन कायम गरी मानव अधिकारको संरक्षण गर्ने राज्यको उद्देश्य असफल हुन जाने भएकोले निवेदन माग बमोजिम आदेश जारी हुनु पर्छ भनी बहस गर्नु भयो । यस अदालतको मिति ०६६।५।२५ को आदेशानुसार प्रस्तुत मुद्दाको कारवाहीमा सरिक हुन अनुमति प्राप्त चन्द्रनारायण यादवको तर्फबाट उपस्थित विद्वान अधिवक्ता खगेन्द्र प्रसाद अधिकारीले प्रस्तुत मुद्दामा रिट जारी भएको अवस्थामा पनि फिर्ता नभएको मुद्दामा तल्लो अदालतको क्षेत्राधिकारमा हस्तक्षेप हुने

र फिर्ता भएकाहरुको हकमा सम्वद्ध मुद्दाका प्रतिवादीहरुले उन्मुक्ति पाई सकेको अवस्थामा जारी भएको आदेश समेत निष्प्रयोजित हुन जाने हुँदा प्राविधिक कारणबाटै रिट निवेदन खारेज हुनुपर्छ भनी बहस गर्नु भयो । विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सह-न्यायाधीवक्ता महेश शर्मा पौडेलले निवेदकले मिति ०६५।७।११ मा सरकारले मुद्दा फिर्ता लिने भनी गरेको निर्णयलाई सार्वजनिक सरोकारको विवाद भन्नु भएको छ । तर उक्त विवाद सार्वजनिक सरोकारको नभै सरकारको नीतिगत एवं संविधानको परिपालनाको विषय हो । सरकारले गरेको उक्त निर्णयसंग निवेदकको सार्थक सम्वन्ध र तात्वीक सरोकार रहेको निवेदनबाट देखिंदैन । मुद्दाको प्रकृतिका आधारमा मुद्दा फिर्ताको आधार खोजिने नभई मुद्दाको कारण र परिस्थितिको आधारमा खोज्नु पर्दछ । यस्तै प्रकृतिका मुद्दाहरु मात्र फिर्ता हुने भनी मुद्दा फिर्ताका सम्वन्धमा साझा मान्यता कायम हुन सक्दैन । मुद्दा फिर्ता लिने सम्वन्धमा कस्तो नीतिगत कार्यविधि एवं मापदण्ड अवलम्वन गर्नुपर्ने हो सो विषय न्यायिक निरुपणबाट तय हुने विषय समेत नभएकोले प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ भनी बहस गर्नु भयो ।

विद्वान् कानून व्यवसायीहरुको बहस सुनी निवेदनपत्र सहितको सम्पूर्ण मिसिल कागजात अध्ययन गरी हेर्दा निम्न प्रश्नहरु माथि निर्णय दिनुपर्ने देखिन आयो ।

(१) सरकारी मुद्दा सम्वन्धी ऐन २०४९ को दफा २९ बमोजिम सरकारवादी हुने फौज्दारी मुद्दाहरु फिर्ता लिने सम्वन्धमा मापदण्ड निर्धारण गर्नुपर्ने हो वा होइन ?

(२) नेपाल सरकार (मन्त्रीपरिषद) को मिति ०६५।७।११ को मुद्दा फिर्ता लिने सम्वन्धी निर्णय बदर हुनुपर्ने हो वा होइन ?

(३) निवेदकको माग बमोजिम आदेश जारी हुनपर्ने हो वा होइन ?

पहिलो प्रश्न तर्फ विचार गर्दा सरकारी मुद्दा सम्वन्धी ऐन २०४९ को दफा २९ ले गैर सरकारी व्यक्तिको सम्पत्ति सम्वन्धी विवाद भएको बाहेक अन्य सवै अवस्थामा सरकार वादी हुने फौज्दारी मुद्दाहरु फिर्ता लिने खुला र असिमित अधिकार दिएको हुनाले सरकारले यो कानूनी व्यवस्थाको राजनैतिक स्वार्थका आधारमा

दुरुपयोग गरी दण्डहीनतालाई प्रश्रय दिइरहेको र मानव अधिकारको उलंघनकर्ता र कसुरदारलाई राज्यले संरक्षण दिइरहेको कारणले गर्दा राज्यको फौज्दारी न्याय प्रणाली नै नष्ट हुने संघारमा पुगेको भनी मुद्दा फिर्ता लिने सम्वन्धमा निश्चित मापदण्ड निर्धारण गरिपाउँ भन्ने नै निवेदकको मुख्य जिकीर रहेको देखिन्छ । सरकारी मुद्दा सम्वन्धी ऐन २०४९ को दफा २९ बमोजिम उचित आधार, कारण र अवस्था खुलाई जुनसुकै प्रकृतिका फौज्दारी मुद्दा पनि फिर्ता लिने निर्णय गरी अदालत समक्ष अनुमती माग गर्न सक्ने अधिकार नेपाल सरकारलाई प्रदान गरेको देखिन्छ । यसबाट कानूनले सरकारलाई यो यस्तो प्रकृतिको मुद्दा मात्र फिर्ता लिन सक्ने भन्ने कुनै शर्त बन्देज गरेको नभई मुद्दाको किसिम र प्रकृतिको सम्वन्धमा शर्त रहित अधिकार प्रदान गरेको पाइन्छ । यस कानूनी व्यवस्थाले सरकारलाई मुद्दा फिर्ता लिने सम्वन्धमा कुनै शर्त बन्देज नराखी के कस्ता मुद्दा फिर्ता लिने वा नलिने भन्ने सम्वन्धमा अन्तिम निर्णय गर्ने अधिकार सरकारको स्वविवेकमा छोडेको देखिन्छ । यसलाई नियन्त्रित अधिकार भन्दा पनि सरकार आफैले जनता प्रति उत्तरदायी भएर प्रयोग गर्ने अधिकार कानूनले प्रदान गरेको र त्यसको प्रयोग गर्दा सरकारले मुलुकमा शान्ति र व्यवस्था कायम गर्ने, नागरिकको जीउ धन र वैयक्तिक स्वतन्त्रताको संरक्षण गर्ने र कानूनको कार्यान्वयन गर्ने राज्यको दायित्व प्रति सजग भई गर्नु पर्ने हुन्छ । राज्यका यि उदेश्यहरु पूरा गर्ने महत्वपूर्ण पक्ष फौज्दारी न्याय प्रशासन पनि हो । फौज्दारी न्याय प्रशासनको प्रभावकारी व्यवस्थाको लागि राज्यले आफ्नो ध्यान केन्द्रित गर्न सकेन भने मुलुकमा दण्ड हिनताले प्रश्रय पाई समग्र कानून र व्यवस्था नै शंकटमा पर्ने अवस्था सिर्जना हुन्छ । यसबाट कानून र व्यवस्था कायम गर्ने तथा नागरिकको जीउ धन र वैयक्तिक स्वतन्त्रताको संरक्षण गर्ने कार्यमा सरकार असफल भई राज्य संचालनका मूल्य मान्यतामा नै नकारात्मक असर पर्न जान्छ । यसबाट एकातिर जनतामा राज्य प्रतिको विश्वास घट्न जान्छ भने अर्कोतिर फौज्दारी न्याय प्रशासनका क्षेत्रका काम गर्ने निकाय तथा अधिकारीको मनोबलमा समेत ह्रास आउन सक्छ । त्यसैले फौजदारी मुद्दा फिर्ता लिने सम्वन्धमा कानूनले कुनै शर्त बन्देज लगाएको नभएपनि त्यसरी मुद्दा फिर्ता लिंदा सरकारले पर्याप्त आधार र औचित्य

खुलाउनुको साथै निश्चित मापदण्डका आधारमा निर्णय गर्नुपर्ने हुन्छ । कानूनले कस्ता मुद्दा फिर्ता लिने भन्ने सम्वन्धमा सरकारलाई स्वविवेकीय अधिकार प्रदान गरेपनि सरकारको त्यस्तो निर्णय स्वच्छ, निश्पक्ष र न्यायपूर्ण (Fair, reasonable and just) हुनु पर्दछ । बिना कुनै आधार, कारण, औचित्य र मापदण्ड सवै किसिमका मुद्दाहरु फिर्ता लिने काम सरकारबाट भयो भने त्यसले कानूनको शासनको मर्ममाथि आघात पुऱ्याउँछ । यसर्थ निश्चित मापदण्ड र कार्यविधि पूरा गरेर मात्र मुद्दा फिर्ता लिने परिपाटी बसाल्दा सो कार्य कानून र न्यायको मर्म अनुकुल नै हुने देखिन्छ । यस सम्वन्धमा नेपाल सरकार वादी भै चलाइएका फौज्दारी मुद्दाहरु फिर्ता लिने सम्वन्धमा अपनाउनुपर्ने नीतिगत मापदण्ड र कार्यविधी नेपाल सरकार मन्त्रीपरिषदबाट मिति ०५५।५।११ मा स्वीकृत भै लागु भैरहेको भन्ने देखिंदा मुद्दा फिर्ता लिने सम्वन्धमा निश्चित मापदण्ड निर्धारण गरीपाउँ भन्ने निवेदकको माग सम्वन्धमा विचार गरी रहनु परेन । तर निश्चित मापदण्ड भने निर्धारण भै सदा यसको पालना गर्नु पर्दछ । हचुवाको आधारमा निर्णय गरिनु हुँदैन ।

नेपाल सरकार मन्त्रीपरिषदको मिति ०६५।७।११ को मुद्दा फिर्ता लिने सम्वन्धी निर्णय बदर हुनुपर्ने हो वा होइन भन्ने दोश्रो प्रश्न तर्फ विचार गर्दा सरकारी मुद्दा सम्वन्धी ऐन २०४९ को दफा २९ बमोजिम सरकारवादी हुने फौज्दारी मुद्दा सरकारले फिर्ता लिन सक्ने व्यवस्था गरेको देखिन्छ । उक्त कानूनी व्यवस्थामा प्रचलित कानून बमोजिम सरकारवादी भै हेरिने वा सरकारको तर्फबाट चलाइएको वा नेपाल सरकार उपर परेको मुद्दा मामिला नेपाल सरकारको आदेश भएमा सरकारी वकीलले अरु पक्षको सहमतीले त्यस्तो मुद्दाको मिलापत्र गर्ने वा अदालतको मन्जुरीले त्यस्तो मुद्दा मध्ये नेपाल सरकार वादी भएको फौज्दारी मुद्दा फिर्ता लिन हुन्छ भन्ने र कुनै गैर सरकारी व्यक्तिको सम्पत्ति सम्वन्धी कुरामा असर पर्ने रहेछ भने त्यस्तो मुद्दा यस दफा बमोजिम अदालतबाट फिर्ता लिन दिन हुँदैन भन्ने व्यवस्था गरेको देखिन्छ ।

उल्लेखित कानूनी व्यवस्था अनुसार नेपाल सरकार वादी भै हेरिने मुद्दा नेपाल सरकारको आदेश भएमा सरकारी वकीलले अदालतको मन्जुरीले फिर्ता लिन सक्ने

देखिन्छ । यसबाट मुद्दा फिर्ता लिने सम्वन्धी नेपाल सरकारको निर्णय स्वयंमा प्रभावकारी हुने नभई मुद्दा फिर्ता लिनु पर्नाको कारण र औचित्य खुलाई सम्वन्धित जिल्ला अदालतमा निवेदन परेपछि मुद्दा फिर्ता लिने सम्वन्धमा नेपाल सरकारको तर्फबाट प्रस्तुत कारण र औचित्यको मूल्यांकन गरेर मात्र जिल्ला अदालतले मुद्दा फिर्ता लिने अनुमती दिने वा नदिने भनी निर्णय गर्ने विषय रहेको देखिन्छ ।

मुलुकको फौज्दारी न्याय प्रणाली सार्वजनिक शान्ति र व्यवस्था तथा सार्वजनिक सदाचार वा नैतिकतासंग प्रत्यक्ष रुपमा सम्वन्धित हुन्छ । यसैले समाजको शान्ति र व्यवस्थामा खलल पुऱ्याउने किसिमका गम्भीर प्रकृतिका फौजदारी अपराधहरुबाट जनसाधारणको संरक्षण गर्ने र त्यस्तो कसुरमा संलग्न व्यक्तिलाई प्रचलित कानून बमोजिम दण्ड दिने उद्देश्यले यस्ता गम्भीर फौज्दारी अपराधको अनुसन्धान तहकिकात गरी राज्य आफैले आवश्यकता अनुसार मुद्दा चलाउने व्यवस्था गरिएको देखिन्छ । तर कतिपय अवस्थामा देश र समाजको समग्र हितका लागि यस्ता मुद्दाहरु चलिरहनु भन्दा तिनको अन्त्य हुनु उपयुक्त हुन सक्छ । केवल राजनैतिक प्रतिशोध लिने उद्देश्यले वैचारिक आस्थाको आधारमा कुनै व्यक्तिमाथि चलाइएका मुद्दा परिवर्तित राजनैतिक सन्दर्भमा फिर्ता लिनु पर्ने परिस्थिति आउन सक्छ । कुनै साम्प्रदायिक, धार्मिक वा सामाजिक तनावको कारण सिर्जना भएका अपराधका सम्वन्धमा चलाईएका मुद्दाहरुलाई पनि साम्प्रदायिक सहिष्णुता र सामाजिक सदभाव पुनस्थापित गर्न फिर्ता लिनु पर्ने अवस्था पर्न सक्छ । त्यस्तै कतिपय अवस्थामा कुटनैतिक सदभावलाई निरन्तरता दिनको लागि पनि मुद्दा फिर्ता लिनुपर्ने परिस्थिति पर्न सक्छ । सरकारी मुद्दा सम्वन्धी ऐन २०४९ को दफा २९ को सरकारी मुद्दा फिर्ता लिने सम्वन्धी कानूनी व्यवस्थामा के कस्ता मुद्दा फिर्ता लिन सक्ने र कस्ता मुद्दा फिर्ता लिन नसक्ने भन्ने कुनै शर्त बन्देज सरकार माथि लगाएको छैन । तर लोकतान्त्रिक पद्धतिमा सरकार प्रत्यक्षरुपमा जनताप्रति उत्तरदायी हुने र समग्र समाजको शान्ति, सुव्यवस्था र अमनचयन कायम गर्नु सरकारको जिम्मेवारी हुने हुँदा उक्त अधिकारको प्रयोग सरकारबाट स्वेच्छाचारी रुपमा होईन पूर्ण सतर्कताका साथ हुनु पर्दछ । सरकारले जुन अपराधमा अभियोग लागेका व्यक्तिहरुको

मुद्दा फिर्ता लिने निर्णय गर्ने हो सो अपराधबाट पिडित व्यक्ति, परिवार वा समाजको पिडा र क्षतीलाई नजरअन्दाज गरी केवल राजनैतिक आग्रह पूर्वाग्रह वा पहुँचको आधारमा गर्न सक्दैन । त्यसको आधार र औचित्य स्पष्ट हुनुपर्दछ ।

अर्कोतर्फ मुद्दा फिर्ता लिने कानूनी व्यवस्थामा सरकारले मुद्दा फिर्ता लिने निर्णय गर्नु मात्र पर्याप्त हुने नभई अदालतको मन्जुरी बिना त्यस्तो मुद्दा फिर्ता लिने प्रक्रियाले पूर्णता नपाउने स्पष्ट रहेको छ । अदालतको मन्जुरी केवल प्रक्रियागत कानूनी औपचारिकता (formality) होइन, त्यो एउटा सारभुत (Substantive) कानूनी व्यवस्था हो । त्यो अधिकारको प्रयोग उचित कारणको लागि सदनियतले गर्न खोजिएको हो वा होइन भन्ने जाँचवुझ गरेर मात्र अदालतले मुद्दा फिर्ता गर्न मन्जुरी दिने वा नदिने कुराको निर्णय गर्नुपर्छ भनी नेपाल सरकार वि. दिल बहादुर लामा (ने.का.प. २०५१, अंक, ७, नि.नं. ४९४०) भएको मुद्दामा यस अदालतबाट सिद्धान्त समेत प्रतिपादन भएको छ । यस स्थितिमा नेपाल सरकारले कुनै पनि व्यक्ति उपर लागेको सरकारवादी फौज्दारी मुद्दा फिर्ता गर्ने निर्णय गरी जिल्ला अदालतमा सरकारी वकीलको निवेदन परेमा प्रचलित कानून र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त बमोजिम सरकारले मुद्दा फिर्ता लिनाको कारण उचित छ वा छैन र सरकारले सदनियतपूर्वक त्यस्तो अधिकारको प्रयोग गर्न खेजेको छ वा छैन भनी प्रत्येक मुद्दा पिच्छे त्यसको जाँच बुझ र मूल्यांकन गरी जिल्ला अदालतले उपयुक्त कारण र औचित्यको आधारमा मुद्दा फिर्ताको लागि मन्जुरी दिनुपर्ने हुन्छ ।

मुद्दा फिर्ता लिने सम्वन्धी नेपाल सरकार (मन्त्रीपरिषद) को मिति ०६५।७।११ को निर्णय हेर्दा मन्त्रीपरिषदबाट मिति ०५५।५।१ मा स्वीकृत नेपाल सरकार वादी भै चलाईएका फौज्दारी मुद्दाहरु फिर्ता लिने सम्वन्धमा अपनाउनुपर्ने नीतिगत मापदण्ड र कार्यविधिको मापदण्ड नं. ४ मा जुनसुकै कुरा लेखिएको भएतापनि सम्वत् २०५२ साल फागुन १ देखि २०६३ साल मंसिर ५ गते सम्म अदालत तथा अर्धन्याधिक निकायहरुमा दायर भएका मुद्दाहरुको हकमा त्यस्ता मुद्दाहरु द्वन्दको समयमा दायर भएको हुँदा त्यस्ता मुद्दाहरु अपवाद स्वरुप फिर्ता लिन सकिने गरी सो मापदण्ड र कार्यविधिको मापदण्ड नं. ४ लाई तीन महिनाको लागि निलम्वन गर्ने र विभिन्न

राजनैतिक दलका नेता तथा कार्यकर्ताहरु विरुद्धका विभिन्न अदालत तथा अर्धन्यायिक निकायहरुमा नेपाल सरकार वादी भै दायर रहेका संलग्न अनुसूची बमोजिमका मुद्दाहरु वृहत शान्ति सम्झौताको प्रकरण ५.२.७ को व्यवस्था कार्यान्वयन गर्न सरकारी मुद्दा सम्वन्धी ऐन २०४९ को दफा २९(१) बमोजिम फिर्ता लिने भन्ने व्यहोरा उल्लेख भएको पाईन्छ । नेपाल सरकारको उल्लेखित निर्णयले नेपाल सरकार वादी भै चलाइएका फौज्दारी मुद्दाहरु फिर्ता लिने सम्वन्धमा अपनाउनु पर्ने नीतिगत मापदण्ड र कार्यविधिको ४ नं. मा उल्लेखित फिर्ता लिने सम्वन्धमा कारवाही नगर्ने भनी तोकिएका मुद्दा सम्वन्धी व्यवस्थालाई तीन महिनाको लागि निलम्वन गरी वृहत शान्ति सम्झौता कार्यान्वयन गर्नको लागि अपवाद स्वरुप मुद्दा फिर्ता लिने निर्णय भएको देखिन्छ । सो निर्णयबाट ३४९ वटा फौज्दारी मुद्दाहरु के कुन आधारमा मुद्दा फिर्ता लिने निर्णय गरेको हो भन्ने विषयमा जानकारी नगराईएको र यसले दण्डहीनताको संस्कारलाई राज्यको तर्फबाटै अभिवृद्धि गरिएको भन्ने निवेदकको भनाई रहेको छ । तर नेपाल सरकारको निर्णय हेर्दा द्वन्दको समयमा दायर भएका मुद्दा शान्ति सम्झौता कार्यान्वयनका लागि अपवाद स्वरुप फिर्ता लिने भन्ने उल्लेख भएको पाइन्छ । प्रस्तुत निवेदनमा उल्लेख गरिएका मुद्दाहरु हाल के कुन अवस्थामा छ र के कति मुद्दा फिर्ता भए भनी यस अदालतवाट विवरण माग गरिएकोमा उल्लेख्य संख्यामा मुद्दाहरु अदालतबाट फिर्ता गर्ने अनुमती प्रदान भैसकेको अवस्था देखियो । वाँकी मुद्दाको सम्वन्धमा सरकारले फिर्ता लिने निर्णय गरेका मुद्दाहरु राजनैतिक प्रकृतिका हुन् वा अन्य विशुद्ध फौज्दारी प्रकृतिका हुन् भनी तथ्यगत विश्लेषण समेत गरी हेर्ने र निर्णय गर्ने अन्तिम जिम्मेवारी जिल्ला अदालतमा रहे भएको देखिन्छ । यस स्थितिमा जिल्ला अदालतले फिर्ताको अनुमती दिएका र दिनबाँकी प्रत्येक मुद्दाको छुट्टाछुट्टै तथ्य र स्थितिको विश्लेषण गरी यस अदालतले प्रस्तुत रिट निवेदनको रोहबाट उचित र अनुचित भनी निष्कर्षमा पुग्न सकिने अवस्था पनि भएन ।

तसर्थ विवेचित आधार कारणबाट नेपाल सरकारलाई मुद्दा फिर्ता लिने सम्वन्धमा आधार कारण खुलाई नेपाल सरकार वादी भएको फौज्दारी मुद्दा फिर्ता गर्न

निर्णय गर्ने अधिकार रहेको, यस्तो निर्णय स्वतः कार्यान्वयन हुने प्रकृतिको नभई अदालत समक्ष अनुमती माग गर्नु पर्ने र सम्वन्धित जिल्ला अदालतले प्रत्येक मुद्दाको विषयवस्तु, मुद्दा फिर्ता लिने निर्णय गर्दा नेपाल सरकारले दिएको आधार, कारण र औचित्य समेतलाई विचार गरी मुद्दा फिर्ता गर्ने अनुमती दिएको अवस्थामा मात्र मुद्दा फिर्ता हुने कानूनी व्यवस्था रहेको, निवेदकले बदरको लागि माग गरेको नेपाल सरकार (मन्त्रीपरिषद) को मिति ०६५।७।११ बमोजिम फिर्ता लिने भनी उल्लेख भएका मुद्दाहरु उल्लेख्य संख्यामा फिर्ता भैसकेको र बाँकीका हकमा सम्वन्धित जिल्ला अदालतबाट कानून वमोजिम मुद्दा फिर्ताको अनुमती दिन मिल्ने वा नमिल्ने भनि जाँच गरी निर्णय लिने अवस्था रही नैं रहेको र निवेदकले माग गरे बमोजिम मुद्दा फिर्ता लिने सम्वन्धी मापदण्ड २०५५।५।१ को मन्त्रीपरिषदबाट स्वीकृत भई कार्यान्वयनमा रहेको अवस्था समेत देखिएबाट निवेदकको माग बमोजिम आदेश जारी हुनुपर्ने अवस्थाको विद्यमानता नदेखिंदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । आदेशको जानकारी महान्यायाधीवक्ताको कार्यालयलाई दिई मिसिल नियमानुसार गरी बुझाई दिनु ।

न्यायाधीश

उक्त रायमा सहमत छु ।

न्यायाधीश

इजलास अधिकृतः–कृष्ण मुरारी शिवाकोटी

कम्प्युटर गर्नेः– मन्जिता ढुंगाना

इति सम्वत् २०६७ साल फागुन ११ गते रोज ४ शुभम् .....।